# एउटा असल व्यक्तिको एउटा खराब कदमले एउटा गंभीर समस्याा उत्पन्न गराउन सक्दछ

१९१२ मा, इङ्गल्याण्डको शहर लिभरपुलमा भएको बन्दरगाहबाट संसारको सबै भन्दा ठूलो भ्रमण गर्ने पानी जहाज हिँड्यो र यसको पहिलोचोटीको यात्रामा निस्कियो । यसको गन्तव्य भनेको अमेरिका थियो र यसको नाम चाहिँ टाइट्यानिक थियो । टाइट्यानिकलाई एक जना एकदमै कुशल शिल्पकारले बनाएको थियो र यसको पहिलो यात्राको जहाज चलाउने कप्तान एक धेरै नै अनुभवी व्यक्ति  थिए । बरफ जमेको छ भनी दिईएको सूचनाको बावजुद, बरफिलो पानीमा भएर अगाडि बढ्ने एउटा मूर्खतापूर्ण आदेश दिए । त्यसको केही घण्टामा नै एउटा असल मानिसको यो एउटा लापरवाहीपूर्ण रुपले गरिएको निर्णयका कारण एउटा गंभीर घटना घट्यो । जहाज बरफमा ठोक्किन पुग्यो र अरु बाँकी कुरा अहिले इतिहास भएको छ ।

परमेश्वरले हाम्रो जीवनको खाका कोर्नुभएको छ र हामीलाई अगुवाई गर्ने स्थानमा राख्नुभएको छ । धेरै निर्णयहरुका लागि दैनिकीको आवश्यकता पर्दछ । परमेश्वरको वचनद्धारा हाम्रो जीवनलाई अगुवाई गर्नुपर्ने आदेश छ ताकि  हामी आफ्नै लागि वा अरुको लागि एउटा लापरवाही निर्णयको कारण गंभीर समस्या खडा नगरी हाम्रो यात्रामा निरन्तर रहौं ।

## आजको लागि प्रार्थनाः

प्रभु, जीवनमा गरिने मेरा कार्यहरु र निर्णयहरुलाई समय लिएर विचार गर्न मलाई सहायतता गर्नुहोस् । तपाईको वचन मलाई प्रकट गर्नुहोस् र  मैले गर्ने निर्णयमा तपाईको सल्लाह सधैं खोज्ने मेरो बानी बनोस् ।

## आजको लागि बाईबल खण्डः

भजनसंग्रह ११९:१०५ तपाईको वचन मेरो खुट्टाको लागि बत्ती र मेरो मार्गको लागि ज्योति हो ।

भजनसंग्रह ३७:२३ एउटा असल मानिसको कदम परमप्रभुबाट नै निर्दिष्ट हुन्छ, र उहाँ त्यस मानिसको मार्गमा प्रसन्न हुनुहुन्छ ।

## तपाई सही र अरु गलत पनि हुनसक्छन् तैपनि यदि परमेश्वरले ती जसलाई तपाईको जीवनमा राखिदिनुभएको छ, जसले तपाईलाई प्रेम गर्छ र तपाई सँगै परमेश्वरको सेवा गर्दछ अनि तपाईको वास्ता गर्दछ, त्यहाँ सचेत हुन पर्ने कारण छ

कहिलेकाही जीवनमा हाम्रो इच्छा-आकांक्षाहरु हुन्छन् र हामी हाम्रो लागि सही भएको निर्णयहरु लिनलाई चिन्तित हुन्छौं । निर्णयहरु लिँदा, विशेष गरी जीवन नै परिर्वतन गर्ने खालको निर्णय लिँदा, हामीले आफैलाई पूर्ण रुपमा जाँच गर्नु पर्छ र हामीले परेमश्वरको वचन र हाम्रो जीवनमा राखिदिनुभएको मानिस दुवैको सल्लाहको खोजी गर्नुपर्दछ ।

धेरै पटक हामी आफुले गरेको न्याय छोप्ने बादल जस्तो हुन सक्छ वा दूरदृष्टिपूर्ण हुँदैन जबकि अरुहरुले भने हामीले सोच्दै नसोचेको परिणामहरु-लाई पनि देखेका हुन्छन् । कोही पनि तपाईलाई ठिक सल्लाह दिने पवित्रआत्मा हुन सक्दैनन्, तर अझै पनि तपाईको वास्ता गर्ने मानिसहरुको असल सल्लाहलाई तपाईले वेवास्ता गर्न सक्नुहुन्न । यदि तपाईको पछि नराम्रो परिणाम लिनसक्ने निर्णयको बारेमा अरुहरुको भनाई के छ भनी सुन्नलाई डराउनुहुन्छ भने ... र किन भनी विचार गर्नुहोस् ।

### आजको लागि प्रार्थना:

परमेश्वर, तपाईको दैनिक अगुवाई र मार्गदर्शनको लागि तपाईलाई धन्यवाद छ र साथै मेरो जीवनमा तपाईको अलौकिक सम्बन्धको लागि पनि धन्यवाद । तपाईको कुरालाई सुन्ने कान र मेरो जीवनमा तपाईको योजनालाई पछ्यायनलाई मलाई बुद्धि दिनुहोस् ।

### आजको लागि बाईबल खण्ड:

हितोपदेश ११:१४ मार्गदर्शनको अभावमा मानिसको पतन हुन्छ तर धेरै सल्लाहकारहरुको कारण विजय निश्चित हुन्छ ।

प्रस्थान १८:१९-२० मेरो कुरा सुन्, म तिमीलाई केही सल्लाह दिनेछु, र परमेश्वर तिमीसित रहून् । तिमीचाहिँ परमेश्वरको अगि मानिसहरुका प्रतिनिधि भएर तिनीहरुका मुद्दा उहाँको सामू लैजानू ।

## परमेश्वरको लागि गरिएको महान काम र काम जुन महान तरिकाले गरियो त्यसले ऐतिहासिक रुपमा नै बलिदानको माग गर्दछ

परमेश्वरले आफूलाई बढी भएको छोरोलाई दिनुभएन तर उहाँको एकलौटे छोरालाई हाम्रो पापको लागि गरिने प्रायश्चितको बलिदानको लागि दिनुभयो । परमेश्वरले आफ्नो एक मात्र छोरोलाई दिनुभएन, तर मरिमले पनि उनको पहिलो छोरोलाई दिईन् । यसले स्वर्ग र पृथ्वी दुवैलाई परमे-श्वरको लागि महान् काम गर्नलाई र परमेश्वरको लागि महान तरिकाले काम गर्न मूल्य चुकाउनु पर्‍यो । हरेक उद्देश्यहरु र हरेक प्रगति गर्नका लागि मूल्य चुकाउनु पछ र त्यसको व्यवस्था गरिनुपर्छ । त्यो तपाई आफैलाई दिनु पर्ने पनि हुनसक्छ ।

परमेश्वरको लागि गरिएको महान काम र काम जुन महान तरिकाले गरियो त्यसले ऐतिहासिक रुपमा नै बलिदानको माग गर्दछ । तपाईको आँड लाग्ने कुरालाई नहाटाउनुहोस् वा राज्यको साहासिलो कामलाई तपाईले सोचेको भन्दा बढी गरी तिनीहरुले अधिक समय, परिश्रम वा शक्ति खर्चनु पर्ने भएकोले पछ्याउनलाई नछोड्नुहोस् । यदि तपाईको हातमा भएको काम तपाईले गरी सिध्याउनु भएन भने... कसले गरी सिध्याउने ? परमेश्वरमा त्यतिकै नछोड्नुहोस् ।

आजको लागि प्रार्थनाः

पिता, आज मलाई मूल्यलाई गन्न र तपाईको लागि महान कामहरु गर्नका लागि साहस दिनुहोस् । मैले पूराना सन्तहरु र तिनीहरुले गरेको बलिदानहरु, तर सबै भन्दा बढी, तिनीहरुको विश्वासयोग्यताका कारण पाएको पुरस्कारलाई सम्झदै जसै म वचन पढ्दछु मेरो विश्वासमा नयाँ बनाउनुहोस् ! म तपाईको लागि र तपाईको राज्यको लागि महत्वपूर्ण व्यक्ति हुन चाहान्छु ।

आजको लागि बाईबल खण्डः

हिब्रु १०:३७-३९ तर मेरो धार्मिक जनचाहिँ विश्वासद्धारा बाँच्नेछ, र यदि ऊ पछि हट्छ भनेता म उसँग खुशी हुनेछैनँ । तर हामी पछि हट्ने र विनाश पारिनेहरुमध्येका होइनौं, तर विश्वास गरी बचाइएकाहरुमध्येका हौं ।

मत्ति १९:२१-२२ येशूले तिनलाई भन्नुभयो, “ तिमी सिद्ध हुन चाहन्छौ भने, गएर तिमीसित भएका सबै बेचेर दरिश्रहरुलाई देऊ, र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौं, अनि आएर मपछि लाग । जब ती जवान मानिसले यो कुरा सुने, तिनी दुःखित भएर गइहाले, किनकि तिनको धेरै धन-सम्पत्ति थियो ।

## कहिलेकाही हामीसित उत्तर नै नभएको प्रश्न परमेश्वरमा राखिदिएर एउटा ठूलो बलिदान चढ़ाउन सक्छौं... सम्भवत यो ठूलो विश्वास हो !

वियोग, मुटु दुखाई, असफलता, मृत्यु, धोका... जीवनमा त्यहाँ धेरै नै कुराहरु छन् जुनको कुनै चित्तबुझ्दो उत्तर नै छैन । सम्भवत हाम्रो विश्वासको ठूलो मौका भनेको त्यसबेला हो जब त्यहाँ कुनै कारण नै छैन र पनि हामीलाई थाहा हुन्छ कि परमेश्वरको नियन्त्रणमा सबै कुरा छ ।

अयूबले उनको दुःखको समयमा उत्तरहरुको खोजी गऱ्यो । उनले ठूलो व्यक्तिगत र आर्थिक नोक्सानी भोग्नुपऱ्यो । अन्तमा, परमेश्वरले स्पष्ट पार्नुभयो कि उहाँ मात्र सर्वोच्चको हुनुहुन्छ । उहाँले हामीलाई उत्तर दिनुभएतापनि, उहाँ व्याख्या गर्नलाई बाध्य हुनुहुन्छ । दयालु, वास्ता गर्नु हुने परमेश्वर जसको हामी सेवा गर्दछौ, उहाँसित एउटा अनन्तको दृष्टिकोण जुनको हामी कल्पना सम्मै गर्न सक्दैनौं न त वादविवाद नै गर्न सक्दछौं । जीवनको कुनै अर्थ नभएको बेलाको समयमा पनि परमेश्वरमा भरोसा राख्नुहोस् ।

आजको लागि प्रार्थनाः

परमेश्वर, आज मलाई तपाईमा पूर्ण भरोसा राख्नलाई सहायता गर्नुहोस् । यस संसारको परिस्थिति कष्ट वा वियोगह्वरुलाई विचार नगरी, मलाई तपाईले प्रेम गर्नुहुन्छ, मलाई कहिल्यै त्याग्नुहुन्न वा छोड्नुहुन्न र मेरो भविष्यको लागि तपाईसित एउटा असल योजना छ भन्ने कुरा विश्वास गर्नलाई म चुन्दछु । मेरो दृढ़ भरोसा तपाईमा मात्र छ ।

आजको लागि बाईबल खण्ड

अयूब १३:१५ उहाँले मलाई मार्नुभए तापनि म उहाँमाथि आफ्नो आशा राख्नेछु । म अझै मेरो मामिला उहाँको सामुन्ने पेश गर्ने नै छु ।

भजनसंग्रह ६२:८ हे मानिस हो, सब समय उहाँमा नै भरोसा गर, उहाँको सामुन्ने आफ्ना मनलाई खोल, किनकि परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ । सेला

## हाम्रो मनले हामी बस्ने संसारलाई बनाउँछ र हामी बसेको संसारमा हामी कसरी जिउँदछौं भन्ने निर्धारण गर्दछ

हामी को हौं र के गर्न सक्दछौं भनी हामी जे साच्दछौं त्यसले या त हामीलाई सिमित गर्दछ वा हाम्रो जीवनको सिमिततालाई तोड्दछ । हामी प्रत्येकले हामी रहने संसार बनाउँछ र त्यो संसारलाई हाम्रो विचारहरुले भर्दछौं । सम्भवत यही एउटा कारण हो जसकारण हाम्रो सो-चमय जीवनको बारेमा धेरै कुराहरु भन्दछ । वास्तवमा, हितोपदेश २३ः७ ले भन्दछ, " मानिसले जस्तो आफ्नो मनमा सोच्दछ ऊ त्यस्तै हुँदछ..."

तपाई आफ्नो बारेमा के सोच्नुहुन्छ ? तपाईले कस्तो संसार बनाउनुभएको छ ? तपाईको कस्तो जीवनतिर बढ्दै हुनुहुन्छ र जिउँदै हुनुहुन्छ ? के तपाई विजयता हुनुहुन्छ कि शिकार ? तपाई आफैलाई सफल भएको वा असफल भएको कस्तो कल्पना गर्नुहुन्छ ? के तपाई परमेश्वरले प्रेम गर्नुहुन्छ र तपाईको जीवनको लागि एउटा योजना छ भनी सोच्नुहुन्छ वा उहाँले तपाईलाई विर्सनुभयो भनी सोच्नुहुन्छ ? तपाईको को हुनुहुन्छ र तपाई कसरी जिउँनुहुन्छ भन्ने युद्धको सुरुवात र अन्त तपाईको मनबाट नै हुन्छ । तपाईको मनलाई परमेश्वरको वचनले भर्नुहोस् र तपाईको विचारलाई उहाँको नियन्त्रणमा दिनुहोस् ।

### आजको लागि प्रार्थनाः

पिता, मेरो मनलाई तपाईको वचनले पूर्ण गर्नकालागि र स्वर्गको दृष्टिकोणबाट जीवनलाई जिउँनकालागि चुन्दछु । म मेरो आफ्नै बारेमा गरेका र अरुहरुका बारेमा गरेका व्यर्थका कल्पनाहरुलाई त्याग्दछु जुन परमेश्वरको इच्छाको विरुद्धमा छ ।

### आजको लागि बाईबल खण्डः

रोमी १२ः२ यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रुपले परिवर्तित होओ, र परमेश्वरको असल ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरुले जाँच्न सक ।

२ कोरिन्थी १०ः४-५ किनकि हाम्रो युद्धका अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरु नाश गर्ने ईश्वरीय समार्थ्य तिनमा छ । परमेश्वरका ज्ञानको विरुद्धमा खड़ा हुने बहसहरु र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई खीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं ।

फिलिप्पी ४ः८ अन्तमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेमयोग्य, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुरामा विचार गर ।

# परमेश्वरले उहाँको योजनाहरुका लागि हाम्रो पूर्व स्वीकृति लिनु पर्दैन

जीवन एउटा यात्रा हो, एउटा पटकथा जुन परमेश्वरले मात्र लेख्न सक्नुहुन्छ र यस संसार भन्दा परको एउटा कौतुहलताको अनुभव पनि हो । परमेश्वर हाम्रो जीवनको शुरु र अन्त गर्ने दुवै हुनुहुन्छ र उहाँले अन्तलाई पनि शुरुदेखि नै देख्नुन्छ । हाम्रो जीवन परमेश्वरको योजना हो र उहाँले सबै कुराहरुलाई उहाँको इच्छा र उद्देश्य अनुरुप ठीक तरिका र समयमा कार्यन्वयन गर्नुहुन्छ । हामी हाम्रो मार्गको बारेमा गहिरो सोच राख्दछौ होला तर परमेश्वर नै हुनुहुन्छ जसले हाम्रो पाईलाहरुलाई निर्दिष्ट गर्नुहुन्छ ।

जुन तपाईको लागि अचम्मको जस्तो लाग्दछ त्यो परमेश्वरको लागि योजना हो र परमेश्वरले उहाँको योजनाहरुका लागि हाम्रो पूर्व स्वीकृति लिनु पर्दैन । जीवनले हामीलाई निर्णय लिन माग गर्दछ भने परमेश्वरले ती निर्णयहरु परमेश्वरको हातमा राख्ने माग गर्नुहुन्छ र जुन कुरा परिवर्तन हुनु पर्ने हो त्यो हुनका लागि उहाँमा भरोसा राख्नलाई भन्नुहुन्छ र हाम्रो नभई उहाँको इच्छा पूरा भएको उहाँ चाहानुहुन्छ ।

## आजको लागि प्रार्थना:

पिता, आज मलाई तपाईले मेरो लागि बनाउनु भएको मार्गमा हिड्न अगुवाई र मद्दत गर्नुहोस् । मलाई मैले महशुस गरेको भन्दा बढी तपाईको इच्छामा म छु भन्ने कुरा महशुस गर्न मद्दत गर्नुहोस् । म तपाईलाई र तपाईको योजन पछ्याउन चाहान्छु किनकि तपाईको गन्तव्य उत्तम छ ।

## आजको लागि बाईबल खण्ड:

हितोपदेश १६:९ मानिसले आफ्नो हृदयमा आफ्नो चाँजो मिलाउँछ, तर परमप्रभुले नै त्यसका कदमहरुको निर्धारण गर्नुहुन्छ ।

यशैया ४६:१० आदिदेखि अन्तसम्मको जानकारी म दिन्छु । म भन्छु : "मेरो अभिप्राय ठहर्नेछ, र मैले चाहेको सबै पूरा गर्नेछु ।"

उपदेशक ३:११ उहाँले हरेक कुरालाई आफ्नो समयमा सुन्दर बनाउनुभएको छ । उहाँले मानिसका हृदयमा अनन्तता पनि राखिदिनुभएको छ । तापनि तिनीहरुले परमेश्वरले आदिदेखि अन्त्यसम्म के गर्नुभएको छ त्यसको गहिराइलाई बुझ्न सक्दैनन् ।

## परमेश्वरको सेनालाई परमेश्वरले उहाँ जहाँ हुनुहुन्छ र उहाँले जे गर्नुहुन्छ त्यसको संरक्षण गर्नका लागि बनाउनुभएको होइन, तर बरु परमेश्वरले जहाँ चाहानुहुन्छ त्यहाँ जान र परमेश्वरले जे चाहानुहुन्छ त्यो गर्नका लागि हो

ती जसलाई उहाँको सेनामा बोलाईएको छ, तिनीहरुले बुझ्नु पर्छ कि पुरै संसारले नसुने सम्म हामीले सु-समाचारको काममा लाग्नु पर्छ र यसलाई फैलाउँनु पर्दछ । हामी परमेश्वरले पहिलेबाट नै गरिसक्नुभएको काममा सुन्तुष्ट भएर बस्नुहुँदैन तर सधैं उहाँले के गर्न चाहानुहुन्छ ती सबै प्राप्तीका लागि अघि बढ्नु पर्दछ । मण्डली, परमेश्वरको सेना, फ्रिज होइन तर बरु उष्ण नियन्त्रण गर्ने मिशिन जस्तै हो ।

पापीहरुले सधैं जन्म लिन्छन् र पुस्ताहरु सु-समाचार सुन्ने अवरका साथ र येशूलाई तिनीहरुको प्रभु बनाउने अवसरका साथ वितिजान्छन् । एक पुस्ताले मात्र सु-समाचारलाई सुनेर पुग्दैन... हरेक पुस्ताले सुन्नु पर्छ । अनि त्यसकारण हामी सधैं सर्तकतापूर्वक अघि बढ्नु पर्दछ र समय छदै परमेश्वरको इच्छालाई पुरा गर्न सदा दृढ़ रहनु पर्दछ ।

### आजको लागि प्रार्थना:

पिता मेरो जीवन रहुञ्जेल तपाईको खेतमा काम गर्ने अनुग्रह र भित्री शक्ति दिनुहोस् । पुरै संसारले नसुने सम्म अरुहरुलाई महान आज्ञाको मूल्य-मन्यतामा लागिरहन सिकाउन मलाई सहायता गर्नुहोस् ।

### आजको लागि बाईबल खण्ड:

यहोशू १:२ मेरो दास मोशा मऱ्यो । यसकारण उठ्, तँ यी सबै मानिसह्वरुलाई लिएर यर्दन पारि मैले इस्राएलीहरुलाई दिन आँटेको देशमा जा ।

फिलिप्पी ३:१३ भाइ हो, मैले यी सब पक्रिसकेको छु भनी म ठान्दिनँ, तर म एउटा काम गर्दछु, कि पछाड़िका कुराहरु बिर्सेर र अगाड़िका कुरातिर जोड़सँग लम्कँदै...

## तपाईको जीवनको एक दिनमा गर्नुभएको तपाईको रोजाई तपाईको गवाही हुँदछ

तपाईको जीवन कथा एउटा किताब जस्तै हो जुनमा तपाई एक पेज पछि अर्को पेजमा लगातार जीवनको हरेक निर्णय र कामका बारेमा लेखिरहनु भएको छ । वास्तवमा, तपाई विचारहरु पनि अनन्ततामा अन्तिम चोटी पुनअवलोकनका निम्ति रेकर्ड गरिन्छ । हाम्रो अनन्तता तपाईले येशूलाई मुक्तिदाता र प्रभु भनी स्वकार्ने तपाईको निर्णयले त्यसलाई सुनिश्चित पार्दछ । उहाँको रगतद्धारा र उहाँको रगतबाटमा हामी बचाइन सक्छौं ।

तैपनि, उद्धार भन्दा अर्को हरेक व्यक्तिले अनन्तको इनामहरु, तिनीहरुले यस जीवनमा गरेको निर्णयहरु र कामहरुको आधारमा पाउँदछन् । कुनै पनि समयमा जीवनको कथाको अध्यायलाइ बन्द गर्न हामी स्वतन्त्र छौं र नयाँ कथा लेख्नलाई शुरु गर्न सक्छौं जुन हाम्रो अन्तिम चोटीको गवाहीको रुपमा एक दिन भनिनेछ । दाउदले यसो गरे; पत्रुसले यसो गरे; जकैले यसो गरे; रूथले यसो गरिन्; राहाबले यसो गरिन्; पावलले यसो गरे... र तपाईले पनि यसो गर्न सक्नुहुन्छ !

आजको लागि प्रार्थना:

पिता, आज मैले गर्ने मेरो रोजाईले भविष्यलाई प्रभावित पार्दछ । संसारमा मसित थोरै समय भएको हुँदा यसले अनन्तमा प्रभाव गर्ने एक मात्र मौका पनि हो, त्यसैले बुद्धिमतियुक्त छनौट गर्न मलाई कृपया सहायता गर्नुहोस् । मेरो जीवनको प्राथकितालाई स्थान दिँदा तपाईको राज्यको दृष्टिकोण मसित हुन मलाई सहायता गर्नुहोस् । तपाईको अनुग्रहद्धारा आजको दिनको म शुरुवात गर्दछु ।

आजको लागि बाईबलको खण्ड:

प्रकाश २०:१२ मैले ठूला र साना सबै मृतकहरुलाई सिंहासनको सामुन्ने उभिरहेको देखें, र पुस्तकहरु खोलिए । अर्को एउटा पुस्तक पनि देखें, र पुस्तकहरु खोलिए । अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो । ती पुस्तकहरुमा लेखिएका कुरामुताबिक, तिनीहरु कामअनुसार मृतकहरुको इन्साफ भयो ।

२ कोरिन्थी ५:१० किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खड़ा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ ।

## जीवन एउटा ढोका खुल्ला भएको अवसर भन्दा पनि बढी हो

जीवनमा अवसरहरु प्रशस्त मात्रामा छन् र हामीले सजिलै रोज्न सक्ने धेरै मार्गहरु यसले हामीलाई प्रदान गर्दछ । तैपनि, अर्को ठूलो सहरमा जागिर खाने अवसर हामी सित भएकोले, वा कुनै नयाँ कुरा खरिद गर्ने अवसर हुनु भनेको यो परमेश्वरको इच्छा सदैव हो भन्ने होईन । न त  खुल्ला भएको ढोका भएको कारणले गर्दामात्र परमेश्वरको इच्छा हो भन्ने सधैं हुँदैन । जीवन एउटा ढोका खुल्ला भएको अवसर भन्दा पनि बढी हो ।

### आजको लागि प्रार्थना:

प्रिय परमेश्वर, तपाईको वचन थाहा गर्नका लागि मलाई सिकाउनुहोस्, तपाईको आत्माबाट निर्दिष्ट हुन र धार्मिक सल्लाहपूर्ण आवाज प्राप्त गर्न मलाई सिकाउनुहोस. ताकि म मेरो इच्छा होइन तर तपाईको इच्छा पूरा गर्दै गरेको भेट्टाईन सकूँ । येशू खीष्टको नाउँमा, आमेन ।

### आजको लागि बाईबल खण्ड:

फिलिप्पी ४:७  र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरुका हृदय र तिमीहरुका मनलाई येशूमा रक्षा गर्नेछ ।

कलस्सी ३:१५ खीष्टको शान्तिले तिमीहरुका हृदयमा राज्य गरोस् । साँच्चै, तिमीहरु त्यसको निम्ति एउटै शरीरमा बोलाइएका थियौं । तिमीहरु धन्यवादी होओ ।

रोमी ८:१४ किनभने सबै, जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरु नै परमेश्वरका सन्तान हुन् ।

## तपाईसित के छ भन्ने कुराको बारेमा होइन... यो तपाईसित भएको कुरालाई कसरी प्रयोग गर्नु हुन्छ जसले ठूलो प्रभाव पार्दछ भन्ने बारे हो

मैले यसो भनेको सुनेको छु कि मानिसले विरलै तपाईलाई थाहा भएको कुरा बारे वास्ता गर्दछन् जब सम्म तिनीहरुको वास्ता तपाई राख्नु हुन्न । तपाईसित भएको कुरा प्रति मानिसको हेराईमा पनि त्यही कुरा लागु हुन्छ । जब सम्म तपाईसित भएको कुराबाट अरुलाई वास्तमा नै फाईदा पुऱ्याउने काम गर्नु हुन्न, त्यसले तपाई बाहेक अरुलाई कुनै खास फरक पार्दैन ।

परमेश्वरले अब्राहमलाई भन्नुभयो कि उहाँले उनलाई आशिष् दिनुहुनेछ र उनलाई अरुहरुका निम्ति आशिष् बनाउनु हुनेछ । यदि अब्राहाम मात्र स्वीकारिएको र परमेश्वरबाट आशिषित् भएका र आफ्नै लागि मात्र त्यसलाई राखेका भए, यसले थोरै मात्र महत्व राख्दथ्यो । बरु उनले इसाहाकलाइ विश्वासको कामको प्रर्दशनको लागि लिए, परमेश्वरले जसरी एक दिन उहाँको पुत्र, येशूलाई गर्नु हुन्छ त्यसको संकेतको रुपमा उनले आफ्नो पुत्रलाई परमेश्वरको लागि बलिदान दिए । परमेश्वरले उनलाई दिनुभएको थोकबाट अब्राहामले जे गरे र हामीलाई उहाँले दिनुभएको थोकबाट हामी जे गर्छौं, त्यसले मात्र फरक ल्याउँदछ ।

### आजको लागि प्रार्थनाः

पिता, माछा र रोटी बोक्ने त्यो सानो केटो जस्तै, म पनि मसित भएको कुरा लिन चाहान्छु, त्यसलाई तपाईलाई दिन चाहान्छु र भिन्नता ल्याउन चाहान्छु । मलाई स्वार्थी नबन्नका लागि सहायता गर्नुहोस् र तपाईले मलाई दिनुभएको आशिष्द्वारा अरुहरुलाई पनि आशिषत् बनाउन मलाई सहायता गर्नुहोस् ।

### आजको लागि बाईबल खण्डः

उत्पत्ति २२ः१४ यसकारण अब्राहामले त्यस ठाँउको नाउँ “परमप्रभुले जुटाउनुहुन्छ” राखे । “परमप्रभुको डाँडामा जुटाईनेछ” भनी आजपर्यन्त भनिन्छ ।

यूहन्ना ६ः११ तब येशूले रोटी लिनुभयो, र परमेश्वरलाई धन्यवाद चढ़ाउनुभएपछि बस्नेहरुलाई बाँडिदिनुभयो, र त्यसै गरी माछा पनि बाँड़िदिनुभयो । तिनीहरुले चाहेजति खाए ।

## परमेश्वरसित योजना छ र उहाँले त्यसलाई पुरा गर्नुहुन्छ अनि तपाईसित त्यसमा सहभागि हुने एक मौका छ

फेरि एक पटक, बाईबलले हामीलाई भन्दछ कि परमेश्वरलाई शुरुवात देखिनै अनन्त पनि थाहा छ । उहाँ अल्फा र ओमेगा, आदि र अन्त्य, साथै हाम्रो विश्वासको शुरुवात गर्ने र अन्त्य गर्ने लेखक हुनुहुन्छ । परमेश्वरलाई मात्र अस्तित्वमा रहेको सबै कुरा थियो, अहिले छ र जुन पछि हुनेछ त्यो जीवन, परिस्थितिहरु थाहा छ, र जसै उहाँले आफ्नो इच्छा पुरा गर्नका लागि सबै कुरामा एकैसाथ काम गर्नुहुन्छ र अवस्थाहरु सिर्जना गर्नुभइ, सपनाहरु पुरा गर्नुहुन्छ ।

पहिलेको कुनै पनि एक बाईबलमा भएको चरित्र, न त वर्तमानमा जिइरहेको कुनै एक व्यक्तिले पनि यदि तिनीहरुले परमेश्वरमा विश्वास राख्छन् र उहाँको पुत्र, ख्रीष्ट येशूमा विश्वास राख्छन् भने तिनीहरुको भविष्यको लागि डराउनुपर्छ अथवा नतिजा स्वरुप के होला भनी चिन्ता लिनुपर्छ । परमेश्वरसित योजना छ । उहाँले त्यसलाई पुरा गर्नुहुन्छ र तपाईसित त्यसमा सहभागी हुने एक मौका छ ।

### आजको लागि प्रार्थनाः

पिता, मलाई प्रेम गर्नुभएको निम्ति धन्यवाद छ ! तपाईले मलाई अनन्त जीवन दिन तपाईलाई कुनै कुराले नरोकेकोले, म अति नै तपाई प्रति आभारी छु ! अरुलाई पनि त्यही उपहार दिन मलाई तपाईले कृपया गरी मलाई नरोक्नुहोस् ! परमेश्वर तपाई जे चाह गर्नु हुन्छ  म पनि त्यही चाह गर्छु– सबै जनाले तपाईलाई थाहा गरेको  । कृपया, मेरो जीवनको कठिन समयलाई पनि कसरी तपाई अरुहरुलाई तपाईतिर ल्याउँनका निम्ति प्रयोग गर्दै हुनुहन्छ भनी मलाई हेर्नमा सहायता गर्नुहोस् ।

### आजको लागि बाईब खण्डः

भजनसंग्रह ४६:१० शान्त होओ, र म परमेश्वर हुँ भनी जान । जाति-जातिहरुमा म उचालिनेछु, पृथ्वीमा म उचालिनेछु ।

१ कोरिन्थी १५:५७  तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीगद्धारा विजय दिनुहुन्छ ।

२ कोरिन्थी २:१४ तर परमेश्वरलाई धन्यवाद होस्, उहाँले हामीलाई ख्रीष्टमा सधैं विजयको निम्ति डोऱ्याउनुहुन्छ, र उहाँको ज्ञानको सुवास्ना हामीद्धारा हरेक स्थानमा फैलाउनुहुन्छ ।

## डलरको समस्या भनेको यही हो कि यसलाई एक चोटी मात्र खर्च गर्न सकिन्छ

परमेश्वरको वचनले हामीलाई हाम्रो व्यक्तिगत अर्थको बारेमा बताउँदछ । वास्तवमा, येशू ख्रीष्टले स्वर्ग र नर्कको भन्दा बढी रुपैयाँ पैसाको बारेमा भन्नुभयो । तपाईसित थोकहरु होस् भन्ने परमेश्वरको योजना हो । तैपनि, उहाँले थोकहरुले तपाईलाई चलाएको चाहानुहुन्न । जब परमेश्वरले हामीलाई आशिष् दिनुहुन्छ, हामी ती आशिष्हरुका भण्डारेहरु हुन्छौं र जसकारण हामीबाट परमेश्वरको ज्ञानद्धारा र बाईबलिय सिद्धान्तद्धारा हाम्रो रुपैयाँ पैसाको सही प्रयोग गर्नका लागि अपेक्षा राखिन्छ ।

धेरै पटक तपाईले चाह गर्नु भएको कुरालाई तपाई यसकारण किन्न सक्नुहुन्न कि तपाईले जे चाह गर्नुभयो त्यो किन्नुभयो । हाम्रो उद्देश्यका लागि नभई परमेश्वरको उद्देश्यलाई ध्यानमा राखी हाम्रो रुपैयाँ पैसाको सही प्रयोग गर्नु महत्वपूर्ण हुँदछ । यद्दपि डलर परमेश्वरबाट नै हाम्रो प्रयोगको लागि दिइएको भए पनि, यसको समस्या भनेको यसलाइ एक चोटी मात्र खर्च गर्न सकिन्छ । तपाईको रुपैयाँ पैसालाई बुद्दिमानी सँग प्रयोग गर्नुहोस् ।

### आजको लागि प्रार्थनाः

पिता, मेरा सबै आवश्यकताहरु पुरा गरिदिनुभएको निम्ति तपाईलाई धन्यवाद छ ! मलाई थाहा छ कि मेरो सबै कुरा तपाईको नै हो । कृपया मैले जहाँ डलर खर्चन्छु त्यहाँ बुद्दिमानी पूर्वक कसरी खर्चने भनी मलाई सिकाउनुहोस् । मलाई थाहा छ कि तपाईले मेरो वास्ता गर्नुहुन्छ र मेरो आज्ञाकारिताको कारण मलाई आशिष् दिनुहुन्छ । कृपया मसित जे छ त्यसलाई लिनुहोस् र अनन्तको भिन्नता ल्याउँन त्यसलाइ प्रयोग गर्नुहोस् ।

### आजको लागि बाईबल खण्ड

मत्ति ६:१९-२० जब तिमीहरु उपवास बस्तछौ, तब पाखण्डीहरुजस्ता उदासी चेहरा नदेखाओ । किनकि मानिसहरुलाई उपवास बसेका देखाउनलाई तिनीहरु आफ्ना मोहड़ा अँध्यारा पार्छन् । साँच्चै, म तिमीहरुलाई भन्दछु, तिनीहरुले आफ्ना इनाम पाइसकेका छन् ।

एफिसी ५:१५-१६ यसैले कसरी हिँड्छौ ध्यानसँग हेर– निर्बुद्धि मानिसजस्तो होइन, तर बुद्दिमान्जस्तो । समयको पुरा सदुपयोग गर,किनकि दिन खराब छ ।

## तपाईले सोचे भन्दा पनि परमेश्वरले एउटा ठूलो उद्देश्यपूर्वक तपाईलाई सही स्थानमा परमेश्वरले राख्नुभएको हुन सक्छ भनी तपाई सोच्नुहुन्छ ?

एस्तर डराईन, र त्यो ठीक पनि थियो । उनी गईन– यर्थाथमा भन्नु पर्दा– एउटा गरिबी घर बाट राजमहलमा गईन, किनभने परमेश्वरले तिनको जीवनमा अनुग्रह गर्नुभयो । एउटा अपरिचित देशमा एस्तार एक बन्दी बनाई लगिएकी थिईन, र जब राजाले नयाँ रानी खोजिरहेकी छन् भनी खबर गरियो, उनी उम्मेदारीको लागि छानिन् । पछिबाट, तिनी नयाँ रानीको रुपमा चुनिन् । सपना पुरा भयो ! तिनी त्यही हुनका लागि थिईन् । त्यसपछि, जब जीवन अति नै असल भएको देखियो, विपत्ति आईलाग्यो । उनको पुरै जातिलाई नै नष्ट गर्ने एउटा षड्यन्त्र रचियो, र यसलाई राजाले मात्र रोक्न सक्दथ्ये । उनको रानी भएको कारणले, तिनले उनको सहायता माग्न सक्थिन् । तर त्यस ठाँउको कानून अनुसार यदि तिनी केही नभनी राजाको सामु आईन भने, राजाले दया नदेखाए तिनी मारिन सक्थिन् ।

एस्तर भयभित भईन् र के गर्ने भनी तिनलाई थाहा थिएन् । तिनले आफ्नो काकासित सल्लाहको सहायता मागिन् । तिनलाई थाहा थियो कि उहाँको मानिसका लागि परमेश्वरसित एउटा योजना छ, र तिनी रानी हुनमा परमेश्वरको हात छ र तिनले खेल्नु पर्ने भूमिका के हो भनी पनि थाहा थियो । उहाँले तिनलाई रानी भई खेल्नु पर्ने भूमिका परमेश्वरको योजनामा सहभागी हुने अवसर हो भनी भन्नुभएको थियो । के तपाईले जीवनमा तपाईको भूमिका प्रति प्रश्न गर्नुभएको छ ? तपाईले सोचे भन्दा पनि परमेश्वरले एउटा ठूलो उद्देश्यपूर्वक तपाईलाई सही स्थानमा परमेश्वरले राख्नुभएको हुन्न सक्छ भनी तपाई सोच्नुहुन्छ ? उहाँलाई कसरी तपाईको वर्तमान उहाँको योजनामा सहभागी हुने एउटा अवसर हो सो देखाउन प्रार्थना गर्नुहोस् ।

आजको प्रार्थना:

पिता, मलाई थाहा छ कि तपाईसित एउटा योजना छ– पुरै संसारको लागि मात्र नभई, तर मेरो निम्ति पनि । कृपया मलाई मेरो भूमिका देखाउनुहोस् र यसलाई निभाउन मलाई सहास दिनुहोस् । तपाईको मार्ग सिद्ध छन्– एउटा महान पिता हुनुभएको निम्ति म तपाई प्रति धन्यवादी छु ।

आजको बाईबल खण्ड:

एस्तर ४:१४ यस्तो बेलामा तिमी चूपै लागी बस्यौ भने यहूदीहरुका निम्ति सहायता र छुटकारा अरुद्धारै आउनेछ । तर तिमी र तिम्रा पिताको घरानाचाहिँ नष्ट हुनेछन् । शायद, यस्तै समयको निम्ति नै तिमी यो राजपदमा पुगेकी हौ कि ?

## जब को परमेश्वर हुनुहुन्छ तब किन भन्ने प्रश्नको महत्व कम हुन्छ

बाईबल भरि नै धेरै मानिसहरुलाई परमेश्वरले कुनै खास कामहरु गर्नका लागि भन्नुभयो, जुन त्यस समयमा, कुनै अर्थको थिएन । उदाहरणको लागि, नामान कुष्टरोगीलाई सात पल्ट यर्दन नदीमा डुबुल्की लगाउनका लागि भनियो ; इजकिएलाई उनको टाउको खौरनको लागि भनियो; विधवालाई छिमेकीहरुकहाँ उनको छोरा पठाई खाली भाँडाहरु ल्याउनका लागि भनियो; येशूले माटोको लेप बनाएर अन्धोको आँखामा लगाई दिनुभए पछि गएर धुनको लागि भन्नुभयो; पावलले र सिलासले झ्यालखानामा मध्यराति गीत गाउन लागे,... यी मध्ये कुनै एकले पनि केही अर्थ दिँदैन र पनि ती सबै तिनीहरुको जीवनमा भएको परमेश्वरको आश्चर्यजनक योजनाको एउटा भाग थियो ।

जब *को* परमेश्वर हुनुहुन्छ तब *किन* भन्ने प्रश्नको अर्थ रहन्न । परमेश्वरलाई सांसारिक ज्ञान, मानविय तर्क, अथवा तपाईको आफ्नो बुझाईको कारण सिमित नपार्नुहोस् । परमेश्वरलाई परमेश्वर नै हुन दिनुहोस् ।

### आजको लागि प्रार्थना:

प्रभु, त्यहाँ केही कुराहरु होलान् जुन म बुझ्न सक्दिन र कुनै समयमा सम्भवतः म जे भन्छु त्यो भन्न तपाई मलाई किन भन्नुहुन्छ भन्ने कुरा पनि बुझ्न नसकूँला, अथवा म जे गर्छु त्यो पनि बुझ्न नसकूँला, तैपनि म सधैं तपाईको आज्ञा पालना गर्ने र तपाईको वचन पालना गर्ने संकल्प गर्दछु ।

### आजको लागि बाईबल खण्ड:

भजनसंग्रह ७८:४१ तिनीहरुले घरीघरी उहाँको परिक्षा गरे, र इस्राएलका परमपवित्रलाई क्रुद्ध तुल्याए ।

मत्ति १३:५८ अनि तिनीहरुको अविश्वासले गर्दा उहाँले त्यहाँ शक्तिका धेरै कामहरु गर्नुभएन ।

१ पत्रुस ५:७ तिमीहरुका सारा फिकी उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरुको वास्ता गर्नुहुन्छ ।

## बिना योजनाको उद्देश्यको कुनै औचित्य छैन

सपनाहरु र दर्शनहरु आत्माको भाषा हो र जसद्धारा परमेश्वरले प्रत्येक व्यक्तिलाई तिनीहरुको वर्तमान् क्षण भन्दा परको महान कुराका लागि उत्प्रेरित गर्नुहुन्छ । तैपनि, तपाईको जीवनमा उहाँको योजना पुरा हुनका लागि उत्प्रेरणा नै सबै कुरा होइन । हामी सफल हुनका लागि, परमेश्वरले हामीले के गरेको चाहानुहुन्छ भन्ने कुरा सुन्नलाइृ परिश्रम मात्र गर्ने नभई, तर साथै यसलाई *कसरी* पुरा गर्ने भनी विचार गर्ने र त्यसपछि त्यो उद्देश्य पुरा भएको हेर्नका लागि काम पनि गर्नु पर्छ ।

नोहाले जहाज बनाउनका लागि परमेश्वरले उनलाई भन्नुभएको आवाज सुने । तैपनि, जहाज बनाउन परमेश्वरको निर्देशन नभए सम्म, र एक सय वर्ष सम्म लगातारको कड़ा परिश्रम नगरिएको भए, नोहाको जहाजको अस्तित्व कहिल्यै हुँदैनथ्यो होला । परमेश्वरले मोशालाई तम्बु बनाउनका लागि भन्नुभयो र त्यसपछि त्यो कामको लागि चाहिने हरेक निर्देशनहरु पनि विस्तारमा दिनुभयो । त्यसपछि मोशालाई र इस्राएलीहरुलाई परमेश्वरको योजना पुरा गर्न धेरै महिना लाग्यो । परमेश्वरको इच्छा र योजना थाहा गर्न परिश्रम गर्नुहोस् । तब त्यो पुरा हुनका लागि काम गर्नुहोस् ।

<u>आजको प्रार्थना:</u>

परमेश्वर, मेरो जीवनमा भएको तपाईको योजना पुरा गर्न चाहान्छु । मलाई तपाईको योजनाह्रु दिनुहोस् र त्यसका लागि काम गर्न र त्यो पुरा भएको हेर्नका लागि मलाई सामर्थ्य दिनुहोस् ।

<u>आजको् लागि बाईबल खण्ड:</u>

हितोपदेश २१:५ लगनशीलको योजनाहरुले लाभ गराउनेतर्फ उन्मुख गराउँछ, त्यसरी नै हतार गर्नाले दरिश्रतामा पुगिन्छ ।

हितोपदेश १३:४ अल्छेले लालसा गर्छ र त्यसलाई केही पनि मिल्दैन, तर लगनशीलका इच्छाहरु पर्याप्त रुपले पूरा गरिन्छ ।

मत्ति ९:३८ यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालालाहरु पठाइदिऊन् ।

# किन कप्टान मात्र हुने जब कि तपाई राजा हुनका लागि हो

इस्राएलका सारा सैनिकहरुको दाऊद कप्टान भएको उनको जीवन एउटा समय थियो । यस भूमिकामा उनी एकदम सफल थिए, यति सफल कि वास्तवमा उनको अतुल्यनिय विजयको वीर गाथा नै गाईन्थ्यो । दाऊदको चारैतिरका मानिसहरु विश्वासयोग्य थिए, जसले विना कुनै प्रश्न उनलाई पछ्याए र उनको हरेक निर्णयहरुमा समर्थन जनाए । दाऊदले उनको सुखको दिनको कल्पना गर्न सक्दथ्ये, उनको सफलतामा आनन्द लिन सक्दथ्ये, र प्रख्यातिको लागि आशा राख्न सक्दथ्ये । तैपनि, परमेश्वरले उनलाई यो भन्दा पनि बढी कुराको लागि बोलाउनुभएको थियो ।

निर्धारित गरिएको गन्तव्यले ती कुरा जुन विगत हुन त्यसलाई बिर्सेर पछि हुन आउने कुराको लागि अगाडि बढ्नको लागि भन्दछ, ताकि हामीले येशू खीष्टमा परमेश्वरले दिनुभएको महान् बोलावटलाई सफल पूर्वक प्राप्त गर्न सकूँ । सम्भवतः तपाईको सफलताको कुनै चरणमा तपाई हाल हुनुहुन्छ र पनि, परमेश्वरले त्यो भन्दा बढ्ता कुराको लागि तपाईलाई प्रेरित गर्नुहुन्छ । विश्वासको कदम चाल्दा गुमाउनु पर्ने मोल त्यहाँ होला तर तपाईले चाल्नुभएन भने त्यसको हविगत भने के हुनेछ ?

## आजको प्रार्थनाः

प्रिय परमेश्वर, मैले तपाईलाई चढ़ाउने ठूलो बलिदानको सट्टा सानो बलिदानमा म चित्त बुझाउन नसकूँ। तपाईको राज्यको सेवामा भएको मेरो महान बोलावटमा पुग्न मलाई अनुग्रह गरी दिनुहोस् र मेरो ठूलो क्षमतालाई म थाहा गर्न सकूँ।

## आजको लागि बाईबल खण्डः

फिलिप्पी ३:१३-१४ भाइ हो, मैले यी सब पकिसकेको छु भनी म ठान्दिनँ, तर म एउटा काम गर्दछु, कि पछाड़िका कुराहरु बिर्सेर र अगाड़िका कुराहरुतिर जोड़सँग लम्कँदै खीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोड़सँग अघि बढ्दछु।

२ तिमोथी ४:७ मैले उत्तम लड़ाइँ लड़ेको छु। मैले दौड़ सिद्धयाएको छु। मैले विश्वासलाई बचाइराखेको छु।

## त्यो पुस्ता जसले येशू खीष्टको दोस्रो अगमनलाई देख्छ तिनीहरु त्यो मण्डली हो जसले उहाँको आगमनको लागि आफैलाई तयार पारेका हुन्छन्

खीष्टको समयदेखि नै, उहाँको पुनः अगमनको बाटो खीष्टियनहरुले हेरिराखेका छन् । विगत २००० वर्षदेखि हरेक पुस्तका विश्वासीहरुले उहाँलाई उनीहरुको समयमा हेर्न पाउने अपेक्षा राखेका थिए । येशूले के कुराको आशा राख्नुभएको छ ? उहाँ हरेक पुस्ताबाट हरेक राष्ट्रमा सुसमाचारका साथ पुगी सबैलाई चेला बनाई उहाँको राज्यको विस्तार गरेको अपेक्षा गर्नुहुन्छ ।

तपाईको पुस्ताले पनि गर्नु पर्ने एउटा काम छ र पनि यो अझै अधुरो नै रहिरहन्छ । येशू उहाँको काम पुरा नभए सम्म पुनः आउनु हुन्न । त्यो पुस्ता जसले येशू खीष्टको दोस्रो अगमनलाई देख्छ तिनीहरु त्यो पुस्ता हो जसले उहाँको आगमनको लागि आफैलाई तयार पारेका हुन्छन् । तपाईले आजै के गर्न सक्नुहुन्छ ?

आजको प्रार्थनाः

पिता, हाम्रो पुस्तालाई खीष्टको सन्देशसहित संसारमा पुग्ने त्यो भित्रि चाहना दिनुहोस् । हामीलाई तत्कालै आवश्यक बोलावट दिनुहोस, र सुसमाचार फैलाउने एउटै पनि मौकालाई नगुमाउनका लागि सहायता गर्नुहोस् ।

आजको लागि बाईबल खण्डः

मत्ति २८:१९ यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ ।

प्रकाश २१:२ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरुशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें ।

प्रकाश २२:२० यी कुराको गवाही दिनेले भन्नुहुन्छ, “निश्चय, म चाँड़ै आउँदैछु ।” आमिन, आउनुहोस्, हे प्रभु येशू ।

# यसलाई प्राप्त गर्न सहास र चमत्कारपूर्ण व्यक्तित्वको मात्र आवश्यकता पर्ला, तर यसलाई राखिराख्न भने निश्चय पनि चरित्रको आवश्यकता पर्दछ

तपाईले मन गर्नु भएको कुनै पनि कुरा गर्न सक्नुहुन्छ । तपाईको उद्देश्य जे भएतापनि, यदि तपाईसित पर्याप्त मात्रामा उद्देश्यको लागि चासो र सहास छ भने यसलाई प्राप्त गर्न सकिन्छ । तर धेरै मानिसहरु जीवनमा तिनीहरु जे बन्न चाहान्छन् त्यहाँ पुग्दाको समय सम्म, तिनीहरुले महत्व दिएको कुरा तिनीहरुले गुमाउन थाल्छन्; तिनीहरु रहेको मार्गबाट टाढा पार्न तिनीहरुले महत्वहिन कुराहरुलाई स्थान दिन्छन्; कहिलेकाही तिनीहरुको इमान्दारिता र नैतिकतालाई पनि बिर्सन्छन् ।

राजा शावलले यो कुराको उनको जीवनबाट पुष्टि गर्दछन् । उनको राजसत्ता रहेन किनभने ऊ परमेश्वरको आज्ञाहरु पालना गर्न अविश्वासयोग्य र अनाज्ञाकारी भए । तपाईको जीवनमा जुनकुनै कुराको पछि तपाई हुनुभएतापनि– याद राख्नुहोस् यसलाई प्राप्त गर्न सहास र चमत्कारपूर्ण व्यक्तित्वको मात्र आवश्यकता पर्ला, तर यसलाई राखिराख्न भने निश्चिय पनि चरित्रको आवश्यकता पर्दछ । परमेश्वर-लाई तपाईको दैनिक जीवनमा तपाईको चरित्रलाई जाँच्न दिनुहोस् ।

## आजको लागि प्रार्थना:

प्रभु, मेरो जीवनमा तपाईको चरित्र ममा सार्थक भएको चाहान्छु । सनो कुरामा पनि मलाई विश्वासयोग्य हुन सहायता गर्नुहोस्; र जब मेरो लक्ष्यहरु म प्राप्त गर्दछु, तपाईको आज्ञाहरु पालना गर्न मलाई आज्ञाकारी हुन र विनम्र हुन सहायता गर्नुहोस् । मैले सुधार गर्नु पर्ने मेरो जीवनको क्षेत्रहरु मलाई कृपया गरी देखाईदिनुहोस् । पिता, तपाईको अनुग्रह र दयाको निम्ति तपाईलाई धन्यवाद छ ।

## आजको लागि बाईबल खण्ड:

१ शमूएल १३:१३-१४ शमूएलले शाऊललाई भने, “तपाईले मूर्ख काम गर्नुभयो । परप्रभु तपाईका परमेश्वरले तपाईलाई दिनुभएको आज्ञा तपाईले पालन गर्नुभएन । यदि तपाईले पालन गर्नुभएको भए त उहाँले तपाईको राज्य इस्राएलमाथि सधैंको निम्ति स्थिर गराउनुहुने थियो । तर अब तपाईको राज्य निरन्तर रहनेछैन । परमप्रभुले आफैले रुचाउनुभएको एउटा मानिस खोज्नुभएको छ, र तिनलाई नै आफ्ना प्रजाका अगुवा हुनलाई नियुक्त गर्नुभएको छ, किनभने तपाईले परमप्रभुको आज्ञापालन गर्नुभएन ।”

१ शमूएल १५:२६ तर शमूएलले जवाफ दिए, “म तपाईको साथ दिनेछैनँ । तपाईले परप्रभुको वचनलाई त्यागनुभयो, र तपाईलाई पनि परप्रभुले इस्राएलमाथि राजाको पददेखि त्याग्नुभएको छ । ”

## गरिबी जीवनको परिस्थिती नभई मनको अवस्था हो

एउटा गरिबीको मानसिक अवस्थामा जिउनु भनेको तपाईको सबै कुराहरुलाई गुमाउनु हो, तपाईको हर्ष, तपाईको शान्ति, तपाईको भश्रता, र तपाईको अनन्तको इनामहरु । एउटा गरिब मानसिकता या त विश्वासको कमीको कारण, अथवा स्वार्थको कारण वा अल्क्षीपनाबाट माथि आएको हुन सक्छ । यो पुस्ताहरुबाट आएको श्रापहरु जुन हाम्रो परिवारबाट, हाम्रो संस्कृतिबाट, वा जीवनको परिस्थितीहरुबाट एक पछि अर्कोमा सर्दै आएको हुन्छ, त्यसबाट पनि आउन सक्दछ । तैपनि, परमेश्वरको भने गरिब मानसिकता छैन ।

स्वर्गको वर्णनमा सुनको सडक, मोतीको ढोकाहरु र बहुमूल्य पत्थरहरुको गहनाहरुको बारेमा भनिन्छ । उहाँको सन्तानको लागि परमेश्वरको इच्छा भनेको मानसिक तवरमा नै प्रशस्तताको जीवन हो, र उहाँलाई तिनीहरुको आवश्यकता अनुसार, ती सबै आवश्यकताको पूर्तिका निम्ति  तिनीहरुको स्वर्गिय पिता माथि भरोसा राखून् भन्ने हो । कुनै एक व्यक्तिको धन उनले आर्जन गरेको कुराहरुको प्रशस्ततामा निर्धारण हुँदैन । गरिबीको आत्मालाई तोड्नुहोस् र तपाईको जीवनको लागि परमेश्वरको योजनामा सहभागी हुन शुरु गर्नुहोस् ।

### आजको लागि प्रार्थनाः

पिता, आफैलाई तपाईको दृष्टिबाट हेर्न मलाई सहायता गर्नुहोस् र तपाईले इच्छा गर्नुभएको जस्तो गरी मलाई परिर्वतन गर्नुहोस् ।मेरो जीवनबाट गरिबीको आत्मालाई तोड्नुहोस् र येशूको नाउँमा मलाई स्वतन्त्र पार्नुहोस् !

### आजको लागि बाईबल खण्डः

लूका १२:१५ उहाँले तिनीहरुलाई भन्नुभयो, “ मित्र, कसले मलाई तिमीहरुमाथि न्याय गर्ने अथवा तिमीहरुको सम्पत्ति बाँड़िदिने तुल्यायो ?“

हितोपदेश १०:१५ धनीको धन नै तिनीहरुका निम्ति बलियो शहर हो, तर दरिश्रताले असहायहरुको पतन हुन्छ ।

हितोपदेश २०:१३ निश्रालाई प्रेम नगर्, जसले तँलाई झन्-झन् दरिश्र तुल्याउँछ । जागा रहोस् र तँसँग जगेरा अन्न रहनेछ ।

**गरिबी मनको अवस्था हो; गरिब हुनु जीवनको एउटा परिस्थिती हो... दुवै कुरालाई परिर्वतन गर्न सकिन्छ**

मलाई त्यी मानिसहरुको बारे थाहा छ र मैले पढेको पनि छु जससित धेरै कुराहरु भए पनि तिनीहरुसित थोरै मात्र हुँदछ । तिनीहरुको लालचपना र त्रासपूर्ण जीवनले तिनीहरुलाई दुखदायी जिविकाको लागि बन्धक बनाउँदछ, तिनीहरुले प्राप्त गर्न सक्ने सबै कुरालाई लिन्छन्, तिनीहरुले कहिल्यै पनि आफूसित भएको कुराबाट न त आनन्द लिनसक्छन् न त अरुको भलाईको लागि नै प्रयोग गर्दछन् । तिनीहरुले जम्मा पारेका सम्पूर्णका साथ, यी मानिसहरु गरिबीको प्रशस्ततामा मर्दछन् । हेर्नुहोस् त, गरिबी मनको अवस्था रहेछ ।

मलाई ती मानिसहरुको बारेमा पनि थाहा छ जससित यस संसारको वस्तुहरु अति नै थोरै मात्रामा छन् र गरिब छन् । तर पनि, केही कुराहरु-मा यी गरिबहरुसित पैसाले किन्न सक्ने भन्दा पनि बढ़ी कुरा हुँदछ । प्रेम, आनन्द, शान्ति, धर्य धनसम्पत्तिको फल नभई आत्माको फलहरु हुन् । तथापि, न त गरिबी न त गरिब, त्यस्तै सधैं त्यस्तै रहिरहनलाई बनाईएको हो । सबै मानवजातिको लागि परिर्वतन उपलब्ध छ र तपाईको जीवनमा आजैबाट परिर्वतनको शुरुवात गर्न सकिन्छ । तपाईसित जे छ त्यसको लागि परमेश्वरमा भरोसा राख्नुहोस् र उहाँले तपाईलाई अरु बढी दिनुहुनेछ । आजैबाट भविष्यको लागि गरिने कटनीको निम्ति बिऊ छर्न शुरु गर्न थाल्नुहोस् ।

आजको लागि प्रार्थनाः

पिता, मसित भएको कुरामा तपाईमाथि भरोसा राख्नलाई म रोज्दछु । मलाई तपाईको वचन पढ्न सहायता गर्नुहोस् र सम्वृद्धितिरको तपाईको मार्ग पत्ता लगाउन मलाई सहायता गर्नुहोस् र त्यही मार्गमा अरुहरुलाई पनि सहायता गर्न मलाई बुद्धि दिनुहोस् ।

आजको लागि बाईबल खण्डः

याकूब २:५ मेरा प्रियहरु, सुन, के परमेश्वरले संसारका गरीबहरुलाई विश्वासमा धनी तुल्याएर त्यस राज्यका उत्तराधिकारी हुनलाई चुन्नुभएन र ? यदि राज्य उहाँलाई प्रेम गर्नेहरुलाई उहाँले दिने प्रतिज्ञा गर्नुभएको होइन र ?

लूका १९:८ जखायसले खड़ा भएर प्रभुलाई भने, “प्रभु, हेर्नुहोस्, म आफ्ना सम्पत्तिको आधा भाग गरीबहरुलाई दिन्छु, र कोहीबाट अन्यापूर्वक केही लिएको छु भने, म त्यसको चार गुणा फिर्ता गरिदिनेछु ।”

हितोपदेश १९:१७ गरीबप्रति दयालु हुनु परप्रभुलाई सापट दिनु हो, र त्यसले जे गरेको छ, त्यसको इनाम उहाँले त्यसलाई दिनुहुनेछ ।

# तपाईको शत्रुको खोजीमा बाहिर निस्कनु बहादुरी हो । तैपनि, सहास त्यो हो जब त्यसको तपाईलाई आवश्यता पर्छ र त्यसलाई तपाई पाउनुहुन्छ

धेरै पटक साधारणतयाः तपाईले दाऊद र गोल्यातको कथा सुन्नुभएको छ । एउटा जवान गोठालो केटोले शिष्टतापूर्वक पलिश्तीहरुका महान् योद्धा जसले इस्राएलका सेनालाई धम्काए, उनको विरुद्धमा खड़ा भए । जब दाऊद स्व-इच्छापूर्वक गोल्यातसित युद्ध गर्नका लागि अघि सर्दछन्, कसैले पनि यो कुरा पत्याएनन् । यतिबेला सम्म धेरै वीर पुरुषहरुले पलिश्ती शत्रुहरुलाई पछ्याइरहेका थिए, तर जब गोल्यात युद्ध गर्न अघि आउँदथ्ये कसैसित पनि उनीसित युद्ध गर्ने सहास थिएन ।

सहास डरको अनुपस्थिती हुनु भनेको होइन, डरको अघि पनि वीर मानिसहरुले जे गर्छन् त्यही सहास हो । दाऊदको सहास खाली कुरा मात्र नभई त्यो भन्दा बढी हो । यस राक्षसमानवको सम्मुख, दाऊदले आफ्नो विश्वासको घोषणा गर्दछन् र युद्ध जित्दछन् । संसारमा भएको भन्दा म भित्र हुनुहुने महान् हुनुहुन्छ । तपाईको शत्रुलाई तपाईतिर फर्कन नदिनुहोस् र तपाईलाई परास्त्र गर्न नदिनुहोस् । सहासी हुनुहोस् र तिनीहरुलाई विश्वासका साथ लड्नुहोस् ।

## आजको लागि प्रार्थनाः

प्रभु, तपाईलाई धन्यवाद किनकि तपाईको वचनले भन्दछ कि तपाईले मलाई कहिल्यै त्याग्नुहुन्न न त छोड्नुहुन्छ । तपाईले हामीलाई भयभित नहुनका लागि भन्नुहुन्छ; तपाईको वचन पालन गर्न मलाई सहायता गर्नुहोस्, तपाईले मलाई कहिल्यै त्याग्नुहुन्न भने विश्वासका साथ र सहासले मलाई भर्नुहोस् । मेरो चट्टान र बलियो गढ़ हुनुभएको निम्ति तपाईलाई धन्यवाद छ ।

## आजको लागि बाईबल खण्डः

भजन संग्रह १२१:१ पर्वतहरुतिर म आफ्ना आँखा उचाल्छु । मेरो गुहार कहाँबाट आउँछ ?

यशैया १२:२ निश्चय नै परमेश्वर मेरा उद्धार हुनुहुन्छ । म विश्वास गर्नेछु र म डराउनेछैनँ । परमप्रभु, परमप्रभु नै मेरा शक्ति र भजन हुनुहुन्छ । उहाँ नै मेरो उद्धार हुनभएको छ ।

रोमी ८:३१ … यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रा विरुद्ध को हुन्छ ?

रोमी ८:३७ …यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्धारा हामी विजेताहरुभन्दा पनि अझ बढ़ी छौं ।

# सही समय गंभिर छ र सही समयको ताल कहिले-काही हाम्रो नियन्त्रण भन्दा परको कुराहरुद्धारा निर्धारित हुँदछ

येशू ख्रीष्टले एउट विषय जुनलाइ ख्रीष्टियन अनुभवको व्याख्या गर्नका लागि प्राय: प्रयोग गर्नुभयो, त्यो हो कृषि । उहाँले बिउ छर्ने, फल फलाउने र कटनी गर्ने जस्ता विषयको बारेमा बोल्नुभयो । बिउ रोप्ने र तिनीहरुलाई हुर्कंदै गरेको हेर्ने कुरामा रहस्य छ । सही समयको रोपाइँ र घाम अनि पानीको सन्तुलित मात्राले फसल कटनी गर्नसकिन्छ । हामी निरन्तर काम गरिराख्न सक्छौं, सही औजारलाई तयारी गर्दै, र हामीले के कुराको अपैक्षा गर्ने भनी पनि थाहा छ, तर अचम्मरितिले फसल लाग्ने काम हाम्रो हातमा छैन वा हाम्रो वशमा छैन ।

सही समय गंभिर छ र सही समयको ताल कहिले-काही हाम्रो नियन्त्रण भन्दा परको कुराहरुद्धारार निर्धारित हुँदछ । किसानले कहिले घाम लाग्छ र पानी पर्छ भनी यसै केही भन्न सक्दैन, तर उसले निरन्तर काम भने गरिरहन सक्दछ र कटनी गर्नका लागि भने तयार भई बस्न सक्दछ । त्यसै गरी, हाम्रो काम पनि परमेश्वरको उचित समयलाई बुझ्नु नभई, तर त्यो समयको लागि तयार हुनु हो । याद राख्नुहोस्, तपाईले परमेश्वरको राज्यको कारिन्दा कसरी हुन सकिन्छ भनी बुझ्नु आवश्यक छैन ।

आजको लागि प्रार्थना:

प्रभु, धेरै कुराहरु मेरो नियन्त्रण भन्दा बाहिर छन्, तर मेरो जीवनमा आउने सबै कुरामा तपाईको सिद्ध समयको लागि म तपाईमा भरोसा राख्दछु । मलाई कड़ा परिश्रम गर्न र मेरो जिम्मेवारीहरुमा विश्वासयोग्य हुनलाई सहायता गर्नुहोस्, र मलाई थाहा छ कि तपाईले प्रशस्त्रताको कटनीमा मलाई लानुहुनेछ ।

आजको लागि बाईबल खण्ड :

मर्कूस ४:२६-२९ उहाँले भन्नुभयो, "परमेश्वरको राज्य यस्तो हो–कुनै एउटा मानिसले जमीनमा बीउ छर्छ, र ऊ सुते पनि, जागा रहे पनि रातदिन त्यो बीउचाहिँ ठुसाउँछ र बढ्छ, तर त्यो कसरी बढ्छ, सो उसले जान्दैन । जमीन आफैले उमार्छ, पहिले टुसा, त्यसपछि बाला, तब अन्न पाक्छ, तब तुरुन्तै उसले हँसिया लगाउन थाल्छ, किनभने फसलको बेला आइपुगेको छ ।"
२ तिमोथी ४:२ वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ, र धैर्यमा र शिक्षा दिने कुरामा नचुक ।
१ पत्रुस ३:१५ तर ख्रीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर । तिमीहरुमा भएका आशाको विषय कसैले सोधपुछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर ।

# एउटा नयाँ भविष्यको जन्मले पुरानो विगतलाई अन्त्य गर्दछ

हाम्रो निश्चित भविष्यको गुणस्तर आज हामीले गरेको योजनाहरु र निर्णयहरुमा भविष्यवाणी गरिएको हुन्छ । कहिले-कही हामी हाम्रो सहमतिका साथ अघि बढ्छौं तर हामी मूल्य मान्यताहरु गलत हुन्छन् । प्रेरित पावल, जब उनलाई साऊल भनी चिनिन्थ्यो, त्यसबेलाको मण्डलीको लागि उनी एउटा चूनौती थियो । दमसकसको बाटोमा परमेश्वरसित उनको जीवन नै परिर्वतन गरिदिने जमघट भयो । केही दिनमा नै परमेश्वरले उनलाई परमेश्वरको विरुद्धमा उभिने एउटा तीव आक्रमणकारीबाट उहाँको मानिसहरुका लागि पवित्र आत्माले भरिएको प्रचार बनाउनुभयो । प्रेरित नौ अध्यायले भन्दछ कि त्यसपछि पावल सिधैं गएर खीष्ट नै परमेश्वरको पुत्र हुनुहुन्छ भनी प्रचार गर्न थाले ।

एउटा नयाँ भविष्यको जन्मले पुरानो विगतलाई अन्त्य गर्दछ । पावलको उद्देश्य भनेको खीष्टलाई जान्नुथियो, खीष्ट जस्तै हुनु थियो, र खीष्टले पावललाई जे भएको चाहानुहुन्थ्यो त्यही हुनु थियो । पावलले भन्दछन्, " एउटा कुरा म गर्दछु, विगतलाई विर्सदै, अडगाडिको कुरातिर म बढ्दछु ।" हामीहरु सबै पछ्याउनु पर्ने यो एउटा असल उदाहरण हो । विगतमा नै बसिनाराख्नुहोस् । त्यसको सट्टा, परमेश्वरको ज्ञानमा उहाँसितको अहिलेको तपाईको सम्बन्धमा केन्द्रित हुँदै बृद्धि हुनुहोस् । तपाईलाई क्षमा गरिएको भनी थाहा गर्नुहोस्, र त्यसपछि जीवनमा विश्वास र आज्ञाकारितामा अघि बढ्नुहोस् । खीष्टमा भएको तपाईको आशाको कारण एउटा अर्थपूर्ण जीवनको अपेक्षा गर्नुहोस् ।

आजको लागि प्रार्थना:

पिता, तपाईको बचाउन सक्षम अनुग्रहको लागि धन्यवाद छ । खीष्टको रगतद्धारा हाम्रो विगतबाट हामी स्वतन्त्र छौं । आजै म आफैलाई तपाईको बारेमा अरु थाहा गर्नका लागि दिँदछु, तपाई जस्तै हुन चाहान्छु, र तपाईको इच्छा अनुसार मेरो जीवन विताउँदछु ।

आजको लागि बाईबल खण्ड:

२ कोरिन्थी ५:१७ यसकारण कोही खीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ ।

## विरलै मात्र मानिसहरु आफूले नचाहेको कुराको लागि मर्दछन्

वप्तिस्मा दिने यूहन्नाले भने कि उनले पानीले बप्तिस्मा दिन्छन् तर खीष्ट जब आउनुहुन्छ उहाँले आगो र पवित्र आत्माको बप्तिस्मा दिनुहुनेछ। लूका २४ अध्यायमा, येशूले उहाँका चेलाहरुलाई यरुशलेममा नै बसिरहनको लागि भन्नुभयो जब सम्म तिनीहरुले माथिबाट शक्ति पाउँदैनन्। प्रेरित १:८ले यसलाई यसरी निरन्तरता दिँदछ कि जोकोहीले पनि पवित्र आत्माबाट शक्ति पाउँदछन् तिनीहरुलाई साक्षी हुनका लागि समार्थ्य दिईनेछ। प्रेरित १:८ मा प्रयोग गरिएको साक्षी शब्दको अर्थ सहिद हुनु हो।

सहिद हुनु भनेको मर्नु जस्तै नीच कुरा मात्र नभई तर यस सन्दर्भ अनुसार यसको अर्थ अरु कुनै कुरामा नभई परमेश्वरको इच्छामा प्रशस्त रुपमा जिउनु भन्ने हुन्छ। जस्तो कि प्रेरित पावलले भन्दछन्, " जिउनु खीष्टको लागि हो भने, मर्नु लाभ हो।" धेरै विश्वासीहरु खीष्टको लागि मर्ने इच्छाको कल्पना गर्दछन्। तथापि, विरलै मात्र मानिसहरु आफूले नचाहेको कुराको लागि मर्दछन्।

आजको लागि प्रार्थना:

पिता म जिवितै छँदै मेरो जिवन तपाईलाई दिँदछु। तपाईको खातिर मेरो जीवन प्रशस्ततामा जिउनको लागि म रोज्दछु र जीवनको सबै परिस्थितीहरुमा तपाईको साक्षी हुँदछु। येशूको नाउँमा तपाईले अनुग्रह गरिदिनुहोस्।

आजको लागि बाईबल खण्ड:

गलाती २:२० म खीष्टसँगै क्रुसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर खीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर। जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो।

कलस्सी ३:१-३ यदि तिमीहरु खीष्टसँग जिइउठाइएका छौ भने माथिका कुराहरुको खोजी गर, जहाँ खीष्ट हुनुहुन्छ, र परमेश्वरको दाहिने बाहुलीपट्टि बस्नुभएको छ। माथिका कुरामा मन लगाओ। पृथ्वीमा भएका कुरामा होइन। किनभने तिमीहरु मरेका छौ, र तिमीहरुको जीवन परमेश्वरमा खीष्टसँग लुकाइएको छ।

# यदि तपाईको संसारमा त्यस्तो कुनै कुरा छैन जसको लागि तपाईले आफ्नो प्राण दिनुहुन्छ, तब दुखकासाथ भन्नु पर्छ कि तपाईलाई थाहा भए सम्म तपाई नै सबै भन्दा महत्वपूर्ण हुनुहुन्छ

हरेक कुराको लागि हामी केही मूल्य लगाउँछौं र प्रायःगरी हामीले तिरेको भन्दा बढी मूल्य भएको कुराको हामी खरिद गर्दछौं वा व्यापार गर्दछौं । क्रयविक्रयको नियमले कुनै पनि कुराको महत्व भन्दा बढीको पैसा जानीजानी्कन तिर्नु असंगत हुन्छ भनी देखाउँछ वा निम्नि कुराको लागि हाम्रो उत्तम कुरा दिनु असंगत हुन्छ भनी देखाउँछ । परमेश्वरले तपाईको जीवनको सट्टामा उहाँको पुत्रलाई दिनुभयो र उहाँले असल गर्नुभयो भनी उहाँ सोच्नुहुन्छ !

बाईबलले भन्दछ कि तपाईको लागि येशूले आफ्नो प्राण अर्पण गर्नुभयो ताकि तपाईले पनि अरुको लागि तपाईको प्राण दिनुपर्छ । महान् प्रेममा यो कुरा बाहेक अरु कुनै हुनै सक्दैन कि एउटा मानिसले आफ्नो मित्रको लागि आफ्नो प्राण अर्पण गरिदिन्छ । यदि तपाईको संसारमा त्यस्तो कुनै कुरा छैन जसको लागि तपाईले आफ्नो प्राण दिनुहुन्छ, तब दुःखका साथ भन्नु पर्छ कि तपाईलाई थाहा भए सम्म तपाई नै सबै भन्दा महत्वपूर्ण हुनुहुन्छ ।

## आजको लागि प्रार्थनाः

पिता तपाईले यस संसारमा जिउनको लागि दिनुभएको जीवनको लागि धन्यवाद छ । मलाई बचाउनुभएको लागि र मेरो जीवनमा राखिदिनभएको बहुमूल्यताको लागि पनि धन्यवाद छ । अरुहरुको कदर गर्न मलाई सहायता गर्नुहोस् । मेरो आफ्नो दृष्टिकोणबाट नभए पनि, निश्चितरुपमा तपाईको दृष्टिकोणबाट । मलाई कसरी दैनिक रुपमा तपाईको इच्छाको लागि अलि-अलि गरी आफैलाई दिन सक्छु त्यो देखाउँनुहोस् ।

## आजको लागि बाईबल खण्डः

यूहन्ना १५:३ मैले तिमीहरुलाई भनेको वचनले तिमीहरु अघि नै शुद्ध भइसकेको छौ ।

१ यूहन्ना ३:१६ यसैबाट प्रेम के हो हामी थाहा पाउँछौ, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो । हामीले पनि आफ्ना दाज्यू-भाइहरु-का निम्ति आफ्नो प्राण दिनुपर्छ ।

## कहाँबाट हाम्रो यात्रा शुरु गर्दछौं भन्ने त्यसको अन्त कहाँ गर्दछौं भन्ने भन्दा बढी महत्वको छैन

राहब एउटा वेश्या थिईन जो पछिबाट यहूदाको राजकुमारी र बोआजको आमा भईन् । रुथ निःसन्तान र भिखारी मोआबी स्त्री थिईन् जसले पछिबाट बोआजसित विवाह गरिन् र ओवेदको आमा बनिन् । लेआ याकूबले प्रेम नगरेको र उनलाई आवश्यक नभएकी उनको दुलही थिईन् जो पछि गएर यहूदाको आमा भईन् । यी सबै स्त्रीहरु, अरु धेरै स्त्रीहरु जस्तै जीवनको शुरुवात राम्रोसित गरेका थिएनन् र तिनीहरुले जीवनको गारेटो-मा धेरै अप्ठ्यारा परिस्थितीहरुको सामना गर्नुपरेको भएतापनि, येशू ख्रीष्टको वंशावलीमा येशूको जिजु हजुरआमा र हजुरआमाको रुपमा आ-आफ्ना नाम लेखाउन सफल भए ।

कहाँबाट हाम्रो यात्रा शुरु गर्दछौं भन्ने त्यसको अन्त कहाँ गर्दछौं भन्ने भन्दा बढी महत्वको छैन । सम्भवतः तपाईले जीवनको वर्तमान अवस्थामा जीवनको बारेमा तपाईले कल्पना गर्नुभएको भन्दा पनि गहिगञ्रेको अवस्थामा हुनुहुन्छ होला । परिस्थितीहरु र अवस्थाहरुले तपाईले इच्छा गर्नुभएको भन्दा गहिगुञ्रेको जीवनमा तपाईलाई बन्द गरिदिएको होला र जुन तपाईको नियन्त्रण भन्दा बाहिरको छ । हतोत्साहित नहुनुहोस,परमेश्वरले तपाईलाई बिर्सनुभएको छैन र तपाईको सबै भन्दा उत्तम दिनमा लैजाने उहाँसित एउटा योजना छ । उहाँ माथि भरोसा गर्नुहोस् र उहाँलाई तपाईको अगुवाई गर्न दिनुहोस् ।

आजको लागि प्रार्थनाः

प्रिय पिता, जीवनको पकियाहरु जुनले मलाई यी दिनहरुमा र भविष्यको उत्तम दिनतिर अगुवाई गर्नेछ भनी थाहा गरी त्यसलाई खप्नका लागि मलाई ज्ञान दिनुहोस् र अनुग्रह गरिदिनुहोस्, ।

आजको लागि बाईबल खण्डः

यर्मिया २९:११ “किनभने जुन योजनाहरु मैले तिमीहरुका निम्ति बनाएको छु, ती म जान्दछु”, परप्रभु भन्नुहुन्छ । “ती तिमीहरुका उन्नतिका निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरुलाई आशा र भविष्य दिनलाई ।

२ कोरिन्थी ४:१७-१८ किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान् महिमा तयार गरिरहेकोछ । हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन् ।

## मलाई पत्याउनुहोस्, जब परमेश्वरले हामीले गलत छौं भनी भन्नुहुन्छ, हामी गलत नै हुन्छौं !

धेरै जसो समय जब मानिसहरुले गलती गरे भनी ठान्दछन्, तिनीहरुले आफ्नो मन परिवर्तन गर्दछन् किनभने सबैजना सही हुन मन पराउँछन् । परिस्थितीको मध्ये हामी जस्तो सोच्दछौं, जस्तो चाहान्छौं र जस्तो अनुभव गर्दछौं,त्यस्तै हुन्छौं र धेरै पटक जब हामी हाम्रो दृष्टिकोणबाट कुराहरु-लाई हेर्दछौं, आफै सही छु भन्ने लाग्दछ । उदाहरणको लागि, यदि कसैले हामीलाई गहिरो चोट दिएको छ भने, धोका दिएको छ, वा एकदमै नराम्ररी तपाईको अपमान गरेका छ भने, त्यो व्यक्तिलाई तपाईले कहिल्यै नभुल्दा मैले ठीकै गरे भन्ने जस्तो लाग्ला । तरपनि तपाईलाई थाहा छ कि परमेश्वरको वचनले क्षमा दिनको लागि भनेको छ । परमेश्वरको वचनमा भनिएको अरु निर्देशनहरुमा पनि त्यही कुरा लागू हुन्छ : आज्ञाहरु जस्तै समर्पण गर, भनेको मान, प्रेम गर, झुट नबोल, र अरु धेरै । तपाईलाई कस्तो लाग्ला त्यसको वास्ता नगरी वा तपाईलाई त्यस्तो किन महशुस हुन्छ त्यसको वास्ता नगरी, जब परमेश्वरले हामी गतल छौं भनी भन्नुहुन्छ भने हामी गलत छौं ... र परमेश्वरको आज्ञालाई वेवास्ता गर्नु भनेको गलत हो ।

आजको लागि प्रार्थना:

प्रभु, म आफैलाई तपाईमा र तपाईको दयामा समर्पण गर्दछु । मेरो जीवनको त्यो क्षेत्रहरु देखाईदिनुहोस् जुन तपाईको सामु गलत छन् । म मेरो पापहरु स्वीकार गर्दछु । त्यसलाई तपाईको रगतले ढाक्नुहोस् र तपाई पवित्रतामा मेरो हात र हृदयलाई शुद्ध पार्नुहोस् ।

आजको बाईबल खण्ड:

भजनसंग्रह ४३:३ तपाईको ज्योति र तपाईको सत्यता पठाइदिनुहोस्, तिनैले मलाई डोऱ्याऊन्, र राती उहाँको भजन मसित हुन्छ, जो मेरो जीवनका परमेश्वरलाई प्रार्थना हो ।

# बोलावट परमेश्वरले दिनुहुने एउटा अवसर हो, जबकि अनुग्रह चाहि त्यो अवसरलाई आफ्नो बनाउनका लागि चाहिने क्षमताको लागि दिईन्छ

मिश्रको दासत्वमा परमेश्वरले उहाँको मानिसको पुकारालाई सुन्नभएको थियो, र उहाँसित तिनीहरुलाई छुट्कारा दिने योजना पनि थियो । उहाँ समयमा र उहाँको तरिका अनुसार, उहाँले मोशालाई मिश्रबाट प्रस्थान गर्नेको अगुवाई गर्न बोलाउनुभयो र फारोलाई इस्राएलीहरुलाई स्वतन्त्र गर्नका लागि भन्नुभयो । यो कथा भरिनै आश्चार्यजनक घटनाहरु छन्- महाविपत्तिदेखि लाल समुश्रलाई दुई भाग गर्नुभएको सम्म । परमेश्वरले एकै-झट्कामा फारोको हातबाट उहाँका मानिसलाई स्वतन्त्र गर्न सक्नुहुन्थ्यो, तर त्यस प्रकियाको लागि उहाँले एउटा साधारण मानिसलाई भुमिका खेल्नको लागि रोज्नुभयो । परमेश्वरसित एउटा योजना थियो; मोशासित त्यसमा सहभागी हुने अवसर थियो र पहिला त, मोशा अक्मकिए, र निश्चत थिएनन्, र परमेश्वरले उनलाई त्यो विशेषकामको लागि चाहिने सबै कुराहरु उपल्ब्ध गराउनुहुनेछ भनी उनलाई निश्चता दिनु पऱ्यो । बोलावट परमेश्वरले हामीलाई दिनुहुने अवसर हो, जब कि अनुग्रह चाहिँ त्यो अवसरलाई आफ्नो बनाउनका लागि चाहिने क्षमताको लागि दिईन्छ । के परमेश्वरले तपाईले नसोच्नुभएको कुरामा अवसर दिनुभएको छ ? उहाँले त्यो काम पुरा गर्न चाहिने अनुग्रह पनि दिनुहुनेछ भन्ने कुरामा तपाई निश्चिंत हुनुहोस् !

## आजको लागि प्रार्थना:

प्रभु, तपाईको योजनाहरुमा सहभागी बनाउनु भएको लागि धन्यवाद छ । कृपया तपाई सदा मेरो साथमा हुनुहुन्छ भन्ने कुरा मलाई स्मरण गराउनुहोस्, र जसै म विश्वासयोग्य हुन्छु, मलाई सफल हुनका लागि चाहिने योग्यताहरु मलाई दिनुहोस् । वास्तवमै, मलाई समर्थ्य तुलाउनु हुने ख्रीष्टमा म सबै कुरा गर्न सक्दछु ।

## आजको लागि बाईबल खण्ड:

प्रस्थान ४:११-१२ परमप्रभुले तिनलाई भन्नुभयो, “मानिसको मुख कसले बनायो ? मानिसलाई लाटो वा बहिरो कि देख्ने वा अन्धो कसले बनाउँछ ? के म परप्रभुले नै होइन र ? अब जा, म तँलाई बोल्न सहायता गर्नेछु, र तँले के-के बोल्नुपर्ने हो सो सिकाउँछु ।”

फिलिप्पी ४:१३ जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु ।

## हामी या त पुलहरु बनाउँछौं, सिमना खड़ा गर्दछौं, अथवा अरुहरुसित युद्धभूमिलाई खड़ा गर्दछौं

ढिलो-चाँडो जसै हामी जीवनको बाटो हिड्छौं अरुसितको हाम्रो सम्बन्धमा हामी एउटा अवरोधको समाना गर्नु पर्छ । यो एउटा दम्पत्तीले अचानक दुई भिन्न दिशातर्फ लाग्नको लागि गरेको निर्णय हुनसक्छ, एउटा साथी जसले हामीलाई विश्वासघाट गर्दछ, वा एउटा आफुसँगै काम गर्ने साथीले दिएको प्रतिज्ञा पुरा नगरेको हुनसक्छ । हामी आफैले बाटो हुने क्रममा धेरै टाढाको दुरीबाट नै गलत मोड लिएको वास्तविक कुरा भने विवास्ता हामीले नगरौं ।

जीवनको त्यस्तो समयमा हामीले के गर्ने ? हामीले परमेश्वरको वचनको प्रकाशमा सम्बन्ध र परिस्थितीलाई जाँच्नु पर्दछ । जसै हामी उहाँको योजनाको बाटोमा हिड्छौं, हामीले स्पष्ट रुपमा क्षमादानले हामीलाई अगुवाई गरिरहेको देख्छौं, दयाले बोलाईराखेको देख्छौं, र अनुग्रहले हामीलाई थामी राखेको कुरा थाहा गर्छौं । याद राख्नुहोस्, हरेक परिस्थितीमा हामी या त पुलहरु बनाउँदछौं, सिमाहरु खड़ा गर्दछौं अथवा अरुहरुसित युद्धभूमि खड़ा गर्दछौं... यो सधैं हाम्रो चुनाउ हो ।

आजको लागि प्रार्थना:

पिता, आजै मलाई सबैकुरामा, अरुहरुसितको मेरो सम्बन्धमा तपाईको योजना र तपाईको बाटो पछ्याउन मलाई सहायता गर्नुहोस् । जहाँबाट मैले गलत मोड लिएको छु मलाई क्षमा गर्नुहोस् र आजै मेरो जीवनको यात्रामा त्यही क्षमा अरुहरुलाई दिनको लागि मलाई अनुग्रह गरिदिनुहोस् र सर्मथ्य दिनुहोस् ।

आजको लागि बाईबल खण्ड:

गलाती ६:१ भाइ हो, यदि कुनै मानिस अपराधमा पकाउ पऱ्यो भने तिमीहरु जो आत्मिक छौ, तिमीहरुले नै नम्रतापूर्वक तिनको सुधार गर । आफ्नै पनि विचार राख, नत्रता तिमीहरु पनि परिक्षामा पर्नेछौं ।

२ कोरिन्थी ५:१८ यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई खीष्टद्धारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो ।

## जब हामी पापको बारेमा प्रचार गर्दछौं, तिनीहरुले यसलाई गर्नुहुन्न भनी बुझोस् भन्ने हाम्रो आशय हुनुपर्दछ

बाईबलमा क्षमादानको सबै भन्दा ठूलो चित्रण भनेको जब एउटा स्त्री व्यविचारमा पकाउ परिन् र येशूको अघि न्याय गरिदिनको लागि ल्याईयो, त्यही हो । ती जसले तिनीलाई येशूको अघि ल्याए तिनीहरु येशूले त्यस स्त्री प्रति दिनुभएको दयापूर्ण प्रतिक्रिया र तिनीहरुलाई आफ्नै अपराधहरु र पापहरुलाई प्रकट गरिदिनुभए पनि तीन छक्क परे । उहाँको पाठको दुईवटा उद्देश्यहरु थिए : दया न्याय भन्दा महान् छ, र यदि परमेश्वरको अनुग्रह मैले पाईन भने मेरो केही लाग्दैन ।

केही समय पछि जसै येशू कलबरीको क्रुशमा चढ्नुभयो, उहाँको क्षमादान र अनुग्रहको सन्देशलाई पुरा गर्नुभयो । उहाँ त्यो व्यविचारमा पकाउ परेको स्त्रीको लागि मर्नुभयो र त्यी व्यक्तिहरुका लागि पनि जसले उहाँलाई क्रुसमा चढ़ाए र साथै मेरो लागि पनि उहाँ मर्नुभयो । वर्षौ सम्म उहाँको वचन अहिले सम्म पनि गुञ्जिरहेको छ... " पिता तिनीहरुलाई क्षमा गर्नुहोस् किनभने तिनीहरु के गर्दैछन् सो तिनीहरु जान्दैनन् ।"

जसै हामी सुसमाचारलाई अघि बढाउछौं, येशूले क्रुसमा देखाउनुभएको त्यही मनविचार हामीहरुसित पनि हुनुपर्दछ । जब हामी पापको बारेमा प्रचार गर्दछौं, हामी दयालु हुनुपर्दछ र सधैं तिनीहरुले यसलाई गर्नुहुन्न भनी बुझोस् भन्ने हाम्रो आशय हुनुपर्दछ ।

आजको लागि प्रार्थना:

पिता, मलाई क्षमा गर्नुभएको निम्ति र सधैं मेरो भलाईको निम्ति सोच्नुभएको लागि तपाईलाई धन्यवाद छ । आजैबाट त्यही अनुग्रहको मनविचार अरुहरुलाई पनि देखाउन मलाई सहायता गर्नुहोस् ताकि तिनीहरु पनि, तपाईको प्रेमको ज्ञानमा आउन सकून ।

आजको लागि बाईबल खण्ड:

लूका २३:३४ अनि येशूले भन्नुभयो, "हे पिता, यिनीहरुलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरुले के गर्दैछन् सो जान्दैनन् ।" अनि तिनीहरुले उहाँको वस्त्र भाग गरेर चिट्ठा हाले ।

मत्ति ७:१ "अरुलाई दोषी नठहराओ, र तिमीहरु पनि दोषी ठहराइनेछैनौं ।